# व्यक्तिगत घटना दर्ता सप्ताह

**२०८० साल बैशाख १ देखि ७ गतेसम्म**

व्यक्तिको कानुनी पहिचान र राज्यबाट प्रवाह हुने विभिन्न सेवा प्राप्तीका लागि जन्म, मृत्यु, विवाह, बसाइँसराइ र सम्बन्ध विच्छेद लगायतका व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिन भित्र आफ्नो वडा कार्यालयमा दर्ता गरौं / गराऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरबार, काठमाडौं

# व्यक्तिगत घटना दर्ता सप्ताह

## २०८० साल

## वैशाख १ देखि ७ गतेसम्म




---

**दक्षिणकाली नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**फर्पिङ, काठमाडौं**

# जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र नि:शुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

## जन्म



**जन्म दर्ता गराउँदा चाहिने कागजातहरू :**

- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

## मृत्यु

**मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरू :**

- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सुचकको नागरिकता
- मृतक विदेशी भएमा सुचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कुटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण



## विवाह



**विवाह दर्ता गराउँदा चाहिने कागजातहरू :**

- विवाह दर्ता गर्न पति र पत्नी दुवै सुचक हुनुपर्छ ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली नियोगबाट प्रमाणित अधिकृत बारेसनामा

## सम्बन्ध विच्छेद

**सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरू :**

- सुचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानुन अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीतिक नियोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणिकरण गरेको सक्कल प्रति ।



## बसाइँ सराइ



**बसाई सराइ दर्ताका लागि चाहिने कागजातहरू:**

**बसाई सरेर जादा चाहिने कागजातहरू :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर जाने सुचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाई सराइ दर्ता गर्नुपर्छ ।

**बसाई सरेर आउँदा चाहिने कागजातहरू :**

- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर आँउदा घरमुली वा सुचकको नागरिकता

बसाईं सराइ गरेर जाँदा (जुन ठाँउबाट जान लागिएको हो) र आँउदा (बस्न लागिएको नयाँ ठाँउ) दुवै ठाँउमा घटना दर्ता गर्नुपर्छ ।

**दक्षिणकाली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फर्पिङ, काठमाडौं**